# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल।

☏: 067 – 411101, 067 – 411102
✉: info@paiyunmun.gov.np
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np


पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

प.सः २०८२/०८३
च.नं :

मितिः २०८२/०५/१५

## व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा पैयूँ गाउँपालिका क्षेत्रभित्र रहेका व्यापार व्यावसायहरुले बार्षिक रुपमा करदाता सेवा कार्यालयमा बुझाउनुपर्ने कर लगायतका विषयमा सहजीकरण गर्नका लागि उद्योग वाणिज्य संघ पैयूँ उपशाखा हुवास, पर्वतले मिति २०८२ भदौ १५ देखि भदौ २५ सम्म शिविर सञ्चालन गरेको हुँदा उक्त समयमा सोहि स्थानमा पैयूँ गाउँपालिका क्षेत्रभित्र रहेका व्यवसायीहरुको सहजताका लागि व्यवसाय दर्ता तथा नवीकरण गर्ने कार्यहरु गरिने हुँदा तपसिल बमोजिमका कागजात पेश गरी दर्ता तथा नवीकरणको अवसरको फाइदा लिनुहुन अनुरोध छ ।

**दर्ताको लागि आवश्यक कागजातहरुः**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२. व्यवसाय सञ्चालकको दुई प्रति फोटो,
३. व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा लिजमा लिएको खुल्ने सक्कल कागजात,
४. सम्बन्धित वडा कार्यालको सिफारिस,
५. चालु आर्थिक बर्षको सम्पत्ति तथा भूमिकर (मालपोत) तिरेको रसिद,
६. कार्यविधिको अनुसुची १ बमोजिमको निवेदन ।

**नवीकरणको लागि आवश्यक कागजातहरुः**

१. व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल,
२. व्यवसाय सञ्चालकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
३. चालु आर्थिक बर्षको सम्पत्ति तथा भूमिकर (मालपोत) तिरेको रसिद,
४. सम्बन्धित वडा कार्यालयको सिफारिस,
५. कार्यविधिको अनुसुची २ बमोजिमको निवेदन ।

(जिवन गैरे)
**प्रमुख प्रशासकीय अधिकृत**

*स्थानः उद्योग वाणिज्य संघ, पैयूँ उपशाखाको कार्यालय ।*